DAILY NEWSLETTER

As of Jan 06, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेप्से ९ अंकले बढ्यो, ७ अर्बभन्दा बढी कारोबारले बजारमा सकारात्मक संकेत

आजको कारोबार सत्रमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) सूचक ९ अंकले बढ्दै २६४९ विन्दुमा बन्द भएको छ। करिब ७ अर्ब रुपैयाँभन्दा बढीको उल्लेखनीय कारोबारले बजारमा खरिदकर्ताको सक्रियता र आत्मविश्वास झल्काएको छ। कारोबार अवधिभर नेप्से सूचकले २६४२ को न्यूनतम र २६६० को उच्च विन्दु छोएको थियो।

यद्यपि २६६० आसपास केही बिक्री दबाब देखिए पनि खरिदकर्ताले बजार सम्हाल्दै सूचकलाई मजबुत अवस्थामा बन्द गराउन सफल भए।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Above छ ।
MACD	नेप्सेमा हाल MACD मा Selling (Weak) देखिएको छ ।
RSI	RSI 58 पुगेको देखिन्छ ।

Support	2560-2530
Resistance	2690-2680

उच्च कारोबार रकमले लगानीकर्ताहरू छोटो अवधिको नाफा बुकिङभन्दा पनि दीर्घकालीन दृष्टिले शेयर संकलन (position taking) मा केन्द्रित भएको संकेत गर्छ। बजार उच्च विन्दु नजिकै बन्द हुनुले आधारभूत रूपमा सकारात्मक धारणा बलियो बन्दै गएको देखिन्छ।

समग्रमा आजको कारोबार सत्रले बजारमा नियन्त्रण खरिदकर्ताकै हातमा रहेको देखाएको छ। आगामी दिनहरूमा कारोबार रकमले साथ दिएमा नेप्सेले माथिल्लो प्रतिरोध क्षेत्र परीक्षण गर्ने सम्भावना कायम रहेको विश्लेषकहरू बताउँछन्।